कर्णाली प्रदेश सरकार, 'भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय'

र

नेपाल सरकारको पूर्ण स्वामित्व भएको 'खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड' बीच

**रैथाने बालीहरुको सङ्कलन, प्रशोधन तथा बजारीकरणको लागि प्रशोधन केन्द्र (मिल) स्थापना सम्बन्धी समझदारी पत्र**

**Memorandum of Understanding to Establish Processing Center (Mill) for Collection, Processing and Marketing of Indigenous Crops**

पृष्ठभूमिः

कर्णाली प्रदेशको विशेष प्रकृतिको भुगोल, हावापानी तथा कृषकहरुको सामाजिक आर्थिक अवस्थालाई मध्यनजर गर्दै कर्णाली प्रदेश सरकारको पहिलो बैठकबाट कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेशको रुपमा स्थापित गराउने निर्णय भए अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कर्णाली प्रदेश प्राङ्गारिक कृषि प्रवर्द्धन ऐन २०७६" मार्फत आफ्नो नीति तथा कार्यक्रममा प्राङ्गारिक कृषि तथा रैथाने बालीहरुको प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्दै आईरहेको छ। कर्णाली प्रदेश स्थानीय रैथाने बाली तथा जैविक विविधताको महत्वपूर्ण क्षेत्र भएको हुदाँ विभिन्न ऐन तथा कानूनी दस्तावेजमा आधारित भई कर्णालीमा उपलब्ध प्राङ्गारिक तथा रैथाने बालीहरुको सङ्कलन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणबाट मूल्य अभिवृद्धि गर्ने सोच सहित सुर्खेतमा अत्याधुनिक प्रविधि सहितको स्वचालित रैथाने बाली प्रशोधन केन्द्र (मिल) स्थापना गर्न भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (यस पछि प्रथम पक्ष भनिने) र कर्णाली प्रदेशमा उत्पादित रैथाने बालीहरु स्थानीय तह मार्फत खरिद गरी काठमाण्डौं लगायतका शहरहरुमा बजारीकरण गर्दै आएको नेपाल सरकारको पूर्ण स्वामित्व रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (यस पछि दोस्रो पक्ष भनिने) बाट तपसिल अनुसारका क्षेत्रगत जिम्मेवारीमा मञ्जुर भई समझदारी पत्रमा हस्ताक्षर गरी लियौं, दियौं।

उद्देश्यः

कर्णालीका कृषकहरुबाट उत्पादित रैथाने बालीहरुको सङ्कलन, प्रशोधन तथा कर्णालीको पहिचान दिने "मूल्यवान कर्णाली किसानको सम्पदा" लोगो प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री सुनिश्चितता गर्दै कृषकहरुको [illegible]य आर्जन र प्राङ्गारिक कृषि प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

**सम[illegible]दारी पत्रको औचित्यः**

कर्णालीमा प्राङ्गारिक तथा रैथानेबाली उत्पादनको प्रशस्त सम्भावना हुदाँहुदै पनि यसको उत्पादन तथा उत्पादकत्व क्रमशः घट्दै गईरहेको तथ्याङ्कले देखाउछ। यसको प्रमुख कारण भनेको कृषकहरुबाट उत्पादित रैथाने बालीको खरिद र मूल्यको सुनिश्चितता नहुनु हो। कतिपय अवस्थामा काठमाडौ लगायत प्रमुख बजारमा रैथाने बाली

डा. नरहरि प्रसाद घिमिरे
सचिव

तथा परिकारहरुको राम्रो मूल्य पाए पनि त्यो मूल्य केवल बिक्रेता वा बीचका व्यापारीको हातमा मात्र परेको देखिन्छ। कर्णालीमा उत्पादित रैथाने बाली कर्णालीमा नै प्रशोधन, प्याकेजीङ तथा लेबलिङ गर्न सकेमा कृषकको हातमा पर्ने बिक्री मूल्यमा वृद्धि गर्न सकिने हुन्छ र कृषकहरुले उत्पादन गरेको रैथाने उपजहरुको खरिदबाट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई आवश्यक कच्चा पदार्थ पनि सुनिश्चित हुन्छ। कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुसार मन्त्रालयका कृषि उपजहरुको उत्पादन, प्रविधि विस्तार, उत्पादकत्व वृद्धि एवं उत्पादित वस्तुहरुको बजार सुनिश्चित गर्ने जिम्मेवारी भएकोले पनि यो समझदारी पत्र औचित्य पुष्टी गर्दछ।

भुगोलको हिसावले कर्णाली प्रदेश सबै भन्दा ठूलो प्रदेश भएता पनि कर्णालीको खेतीयोग्य र उत्पादनशिल जग्गाको क्षेत्रफलमा ज्यादै न्यून छ। कुल भूभागको १२ प्रतिशत भुभाग मात्र खेतीयोग्य छ। तर खेतियोग्य जमिन कम भए पनि कर्णालीमा जे फल्छ, मूल्यवान उपज फल्छ। कर्णालीका उपजहरु विषादी रहित, वातावरण अनुकुलित, पोषणयुक्त र उच्च मूल्यमा बिक्री योग्य भएकोले पनि मूल्वान छन्। यसै कारणले पनि कर्णालीको कृषि उपजहरुलाई पहिचान दिन, अन्य गुणस्तरहीन कृषि उपजहरुबाट मिसावट रोक्न तथा उत्पादित उपजको मूल्य अभिवृद्धि गर्न कर्णाली प्रदेश सरकारबाट "मूल्यवान, कर्णाली किसानको सम्पदा" नामक लोगो पनि जारी भइसकेको छ। तसर्थ, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/१० को निर्णय अनुसार गठित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्य जिम्मेवारी भनेको किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उत्पादित कृषि उपजहरुको खरिद बिक्री र व्यवस्थापन गर्नु रहेकोले पनि मन्त्रालयबाट कर्णालीको उत्पादनको बजारीकरणमा कम्पनीसँग सहकार्य गर्नु महत्वपूर्ण कार्य भएको छ।

**समझदारीको कानूनी आधारः**

यो समझदारी पत्र अनुसार प्रशोधन केन्द्र (मिल) स्थापनाका लागि दुवै पक्ष बीच विभिन्न चरणहरुमा छलफल गरी तपसिल अनुसारका केही कानूनी दस्तावेजहरुमा आधारित भएर तयार गरिएको छ।

१. कर्णाली प्रदेश सरकारबाट जारी भएको "प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४" अनुसार कृषि उपजहरुको न्यूनतम समर्थ मूल्य कायम गरी कृषि उत्पादनको बजार सहजीकरण गर्नु यस मन्त्रालयको कार्य जिम्मेवारीमा रहेकोले यो समझदारी पत्र अनुसार कर्णालीको रैथाने बालीहरुको समर्थन मूल्य कायम गरी बजारीकरण सुनिश्चित गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग द्विपक्षीय प्रयासबाट सहमती पत्र तयार गरिएको छ।

२. "नेपालको संविधान २०७२" को प्रावधान बमोजिम जननिर्वाचित कर्णाली प्रदेश सरकारको मिति २०७४/११/०६ गते बसेको पहिलो बैठकबाट कर्णालीमा प्राङ्गारिक कृषिका आधारहरु तयार गर्दै रैथाने बालीहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने निर्णय भए अनुसार रैथाने बालीहरुको प्रशोधन तथा बजारीकरणको लागि समझदारी पत्र तयार गरिएको हो।

डा. नरहरि प्रसाद घिमिरे
सचिव

३. कर्णाली प्रदेश सरकारबाट "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन २०७६" जारी भई उक्त ऐनको प्रावधान अनुसार कर्णालीको प्राङ्गारिक तथा रैथाने बालीहरुको प्रवर्द्धनमा मन्त्रालयको नीति तथा कार्यक्रम लक्षित हुँदै आएकोले प्रशोधन केन्द्र स्थापना गर्न लागिएको छ।

४. "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐनं, २०७६" को दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिम कर्णाली प्रदेश सरकारले प्राङ्गारिक कृषिको ब्राण्ड स्वरुप "मूल्यवान, कर्णाली किसानको सम्पदा" लोगो तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बजारीकरण गर्ने प्रावधान भए अनुसार मिति २०७८/०२/२० को कर्णाली प्रदेश मन्त्रिपरिषदको बैठकबाट उक्त लोगो जारी भएकोले कर्णालीमा उत्पादित कृषि उपजहरुमा प्राङ्गारिक एवं स्वच्छताको सुनिश्चितता प्रदान गर्दै बजारीकरण गर्न यो समझदारी पत्र आवश्यक रहेको छ।

५. "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६" को दफा ७ मा 'सङ्घीय तथा स्थानीय तह र अन्य निकायसँग समन्वय तथा सहकार्य गर्ने' व्यवस्था रहेको र दफा ११ अनुसार माननीय मन्त्रीज्यूको अध्यक्षतामा निर्देशक समिति रहेको तथा दफा १२ बमजिम निर्देशक समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (क) मा 'प्राङ्गारिक कृषिजन्य वस्तुको उतपादन, प्रशोधन र बजारीकरण प्रवर्द्धन गर्न मन्त्रालयलाई निर्देशन दिने' स्पष्ट प्रावधान रहेको छ।

६. कर्णाली प्रदेश सरकारबाट जारी भएको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७७" दफा ११ खण्ड (ख) मा 'स्थानीय कृषि तथा पशुजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने' जिम्मेवारी प्रदेश सरकारलाई तोकेको छ।

७. नेपाल सरकारको पूर्ण स्वामित्व भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्य जिम्मेवारी भनेको किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मुल्य एवं गुणस्तरका अत्याबश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने भएकोले पनि यो समझदारी कार्यबाट कर्णाली प्रदेशमा उत्पादित रैथाने बालीहरुको बजारीकरणमा महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ।

८. कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७९ को दफा ७ 'कृषि उपज उत्पादन क्षेत्र सम्बन्धी व्यवस्था' अन्तर्गत विशेष उत्पादन क्षेत्र तोक्न सक्ने र विशेष उत्पादन क्षेत्र भित्र कृषि व्यवसाय प्रवर्द्धनका लागि विशेष सुविधा दिन सक्ने उल्लेख छ। सोही ऐनको दफा ९ 'प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार' अन्तर्गत खण्ड (क) मा 'प्रदेश स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने' र खण्ड (ख) मा 'कृषि व्यवसाय प्रवर्द्धन गर्न नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने' व्यवस्था उल्लेख छ। यसै ऐनको दफा १० मा कृषि व्यवसायलाई सुविधा दिने व्यवस्था भएको र यसै दफासँग सम्बन्धित अनुसूची-२ को क्र.सं. ३ मा ठूला कृषि व्यवसायलाई पूँजीगत अनुदान दिन सकिने व्यवस्था रहेको छ।

यसर्थ, नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सङ्घीय कम्पनी र प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बीच समझदारी कायम गरी कर्णाली प्रदेशका रैथाने तथा प्राङ्गारिक उत्पादनमा संलग्न कृषकबाट उत्पादन हुने कृषि उपजको सङ्कलन, प्रशोधन र बजारीकरणमा सहकार्य हुन उपयुक्त देखिएकोले

डा. नरहरि प्रसाद घिमिरे
सचिव

यो समझदारी पत्र तयार गरी आ-आफ्नो निकायगत जिम्मेवारी अनुसार उद्देश्य पुरा गर्न अगाडि बढ्ने प्रयास भएको छ।

**प्रथम पक्षको जिम्मेवारीः**

१. प्रदेश स्तरिय रैथाने बालीहरुको प्रशोधन, लेवलिङ्ग तथा प्याकेजिङ्गको लागि आवश्यक पर्ने मेशिनरीको लागि आवश्यक रकम व्यवस्थापन गर्ने।

२. दोस्रो पक्षको स्वामित्वमा रहेको वी.न.पा.-७ ईत्रामको परिसरमा मिल स्थापनाका लागि आवश्यक पर्ने मेशिनरी तथा सामानहरु सार्वजनिक खरिद प्रक्रिया अनुसार खरिद तथा जडान सम्बन्धी कार्य सम्पन्न गरी दोस्रो पक्षलाई हस्तान्तरण गर्ने।

३. मन्त्रालय र मातहतका कार्यालयहरु (कृषि विकास निर्देशनालय र कृषि विकास कार्यालय) मार्फत कृषकहरुलाई प्राङ्गारिक तथा रैथाने बालीहरुको उत्पादन, संरक्षण, प्रशोधन तथा बजारीकरणमा प्राविधिक सेवा उपलब्ध गराउने।

४. जिल्ला स्थित रैथाने बालीहरुको उत्पादन गर्ने कृषक तथा उत्पादित परिमाणको तथ्याङ्क उपलब्ध गराउने।

५. दोस्रो पक्षबाट सञ्चालन हुने प्रशोधन मिलको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र सुधारको लागि कम्पनीलाई निर्देशन दिने।

६. उत्पादन गर्ने कृषक र दोस्रो पक्ष बीच रैथाने बालीका उपजहरुको खरिद बिक्रीको लागि सहजीकरण गर्ने।

७. मन्त्रालयले मातहतका कार्यालयहरुलाई आफ्नो वार्षिक कार्यक्रम मार्फत कृषकहरुलाई रैथाने बाली उत्पादन तथा प्रवर्द्धनका लागि बजेट विनियोजन गर्न निर्देशन दिने।

८. कर्णाली प्रदेशमा उत्पादन हुने रैथाने बालीहरुको आवश्यकता अनुसार न्यूनतम समर्थन मूल्य तोक्ने।

**दोस्रो पक्षको जिम्मेवारीः**

१. दोस्रो पक्षको स्वामित्वमा रहेको वी.न.पा.-७ ईत्रामको परिसरमा प्रथम पक्षले निर्माण गरी हस्तान्तरण गरेको प्रशोधन केन्द्र (मिल) नियमित रुपमा सञ्चालन गर्ने।

२. कम्पनीको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा मिल सञ्चालनको लागि आवश्यक पर्ने कच्चा पदार्थको रुपमा कर्णालीमा उत्पादन हुने रैथाने बालीहरुको नियमित रुपमा स्थानीय तहहरुसँग समन्वय गरी खरिद गर्ने।

३. प्रशोधन केन्द्रको लागि आवश्यक पर्ने जग्गा, भवन लगायतका कम्पनी सँग भएका अन्य आवश्यक भौतिक पूर्वाधारहरु व्यवस्थापन गर्ने।

४. नेपाल सरकारको गुणस्तर मापदण्ड अनुसार खाद्यान्न सङ्कलन गरी सोको प्याकेजीङ्ग, लेवलिङ्ग तथा कर्णाली प्रदेशको मूल्यवान लोगो समेत उल्लेख गरी ब्रान्डिङ गर्ने।

डा. नरहरि प्रसाद घिमिरे
सचिव

५. रैथाने बालीको खरिद, प्रशोधन मार्फत उत्पादित खाद्यान्न र सोको बिक्री वितरण तथा परिचालन सम्बन्धी प्रगति विवरण नियमित रुपमा प्रथम पक्षलाई उपलब्ध गराउने।

६. तालिका १ अनुसार कर्णाली प्रदेशमा उत्पादन हुने कुल रैथाने बालीहरुको कम्तिमा चालिस प्रतिशत खरिद बिक्रीको सुनिश्चित गर्ने।

७. मिल सञ्चालनको लागि आवश्यक पर्ने प्राविधिक सिप तथा ज्ञान सहित गुणस्तर कायम गरी मिल सञ्चालन गर्ने।

८. रैथाने बालीहरको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको पहिचान गरी बिक्री वितरणको उचित व्यवस्थापन गर्ने।

९. प्रथम पक्षबाट हस्तान्तरण गरिएको प्रशोधन केन्द्र (मिल) को पूर्ण रुपमा सञ्चालन, संरक्षण तथा प्राविधिक सिपको व्यवस्थापन गर्ने।

१०. प्रशोधित वस्तुको स्वच्छता र गुणस्तरको प्रचलित व्यवस्था बमोजिम आवधिक परीक्षण गराउने र सोको प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउने।

**अपेक्षित उपलब्धीहरुः**

यो समझदारी पत्रमा उल्लेख भएको कार्य अनुसार दुवै पक्षबाट आ-आफ्नो जिम्मेवारी अनुसार कार्य सम्पादन गर्न सकेमा तपसिल अनुसारको उपलब्धीहरु हासिल हुनेछ।

१. हाल कर्णालीमा उत्पादन हुने प्राङ्गारिक तथा रैथाने बालीहरुको क्षेत्रफल तथा उत्पादन परिमाणको तथ्याङ्क अनुसार तलको तालिकामा उल्लेख भए अनुसारको कृषि उपजहरुको खरिद सुनिश्चित हुनेछ।

तालिका १. रैथाने बालीहरुको कम्पनी मार्फत खरिद हुने अनुमानित विवरण

| सि.नं. | रैथाने बालीहरु | कर्णालीमा खेती गरिने कुल क्षेत्रफल (हे.) | कर्णालीमा उत्पादन हुने कुल परिमाण (मे.टन) | कम्तिमा कुल उत्पादनको ४०% खरिद हुने परिमाण (मे.टन) |
|---|---|---|---|---|
| १. | कोदो | १९१४४ | २१६४९ | ८६६० |
| २. | कागुनो | ११६१ | ९२१ | ३६८ |
| ३. | चिनो | १८३० | १७४३ | ६९७ |
| ४. | जुनेलो | २ | ५ | २ |
| ५. | फापर | १९२३ | १९०४ | ७६२ |
| ६. | उवा | १७२० | १५४८ | ६१९ |
| ७. | सिमि | ६६५२ | ११९७४ | ४४७० |
| ८ | मार्सी धान | ४६१५ | ९७१४ | ३८८६ |
| | जम्माः | | ४८६५८ | १९४६४ |

*(बजेटको उपलब्धता, आवश्यकता र औचित्वको आधारमा माथि उल्लिखित खरिद परिमाण थप घट हुन सक्नेछ)*

डा. नरहरि प्रसाद घिमिरे
सचिव

२. कृषकहरुबाट उत्पादन हुने रैथाने बालीहरुको खरिद सुनिश्चितताबाट आगामी दिनहरुमा यसको खेतीपाती तर्फ अग्रसर भइ आय आर्जनमा सहयोग पुग्नेछ।

३. दोस्रो पक्ष रैथाने बालीहरुको प्रशोधन, लेवलिङ्ग तथा बजारीकरणबाट मूल्य अभिवृद्धि हुने भएकोले कृषकहरुले राम्रो मूल्यमा दोस्रो पक्षलाई बिक्री गर्ने अवसर प्राप्त हुनेछ।

४. रैथाने बाली एवं प्राङ्गारिक कृषिको उत्पादन र उत्पादकत्व वृद्धि हुनेछ।

५. कर्णाली प्रदेशको पहिचान सहितको रैथाने कृषि वस्तुहरुको प्रवर्द्धन हुनेछ।

प्रथम पक्षको तर्फबाटः

दस्तखतः

नामः डा. नरहरि प्रसाद घिमिरे

पदः सचिव कार्यालयको छाप

डा. नरहरि प्रसाद घिमिरे
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

दोस्रो पक्षको तर्फबाटः

दस्तखतः

२०८०/१०/०५

नामः माधव मिश्र

पदः नि. प्रादेशिक प्रमुख कार्यालयको छाप

... तथा व्यापार कम्पनी लिमिटेड
प्रादेशिक कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

रोहवर

दस्तखतः

नामः माननीय भिम प्रकाश शर्मा

पदः मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश

साक्षीः

दस्तखतः

नामः धन बहादुर कठायत

पदः कृषि प्रसार अधिकृत (आठौं)

दस्तखतः

नामः केशवराज बुढा

पदः वरिष्ठ अधिकृत (सातौं)

इति सम्वत् २०८० महिता माघ गते ५ रोज ६ शुभम्।